मिति : २०८२/०६/३०, कापा बैठक संख्या: ०७-०८२/८३

<u>बैठक नं. ७</u>

आज मिति २०८२ साल आश्विन ३० गते बिहीबार (ने.सं. ११४५, कौलागा, दशमी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समय: बिहानको ठिक ८:०० बजे।

स्थान: कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

<u>उपस्थिति:</u>

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

**सहयोगीहरु**

| | | | |
|---|---|---|---|
| १५ | | श्री सन्तोष गैरे | लेखा अधिकृत |
| १६ | | श्री गिरीराज अर्याल | प्रशासकीय अधिकृत |
| १७ | | श्री नगेन्द्र मल्ल | स. कम्प्युटर अधिकृत |
| १८ | | श्री धनपति ज्ञवाली | सचिवालय |
| १९ | | श्री लक्ष्मी चौधरी थारू | कार्यालय सहयोगी |

मिति : २०८२/०६/३०, का.पा.बैठक संख्या: ०७-०८२/८३

प्रस्तावहरु

७.१ लागत अनुमान स्वीकृती तथा स्रोत सुनिश्चितता सम्बन्धमा,

७.२ करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धमा,

७.३ सामी कार्यक्रम अन्तर्गत वडा छनोट सम्बन्धमा,

७.४ विज्ञापन प्रकाशन सम्बन्धमा,

७.५ कार्यविधि स्वीकृत सम्बन्धमा,

७.६ निर्णय कार्यान्वयन सम्बन्धमा,

७.७ योजना कार्यान्वयन सम्बन्धमा,

निर्णयहरू

**७.१. लागत अनुमान स्वीकृती तथा स्रोत सुनिश्चितता सम्बन्धमा,**

आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार आयुर्वेद औषधालय भवन मर्मत संभार तथा भौतिक पूर्वाधार निर्माण शीर्षकमा रू १५,००,०००/- विनियोजन भएको उक्त भवन मर्मत तथा निर्माण सम्पन्न गर्नका लागि रू.१६,२३,५९१.१५/- बराबरको पूर्वाधार विकास शाखाबाट लागत अनुमान पेश भई आएको

प्रतिस्पर्धा पश्चात सम्झौताका बखत उक्त रकममा अपुग हुन आएमा उक्त रकमलाई गाउँसभाको हिउँदे सभाबाट रकम व्यवस्थापन गर्ने गरी स्रोत सुनिश्चितता सहित लागत अनुमान स्वीकृत गरी ठेक्का प्रक्रिया आव्हान गर्न निर्देशन दिने ।

**७.२. करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धमा,**

लुम्बिनी प्रदेश सरकारले मिति २०८१।०९।२९ गते प्रदेश राजपत्रमा प्रकाशित स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १४३, स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ११८ मा भएको व्यवस्था बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी व्यवस्था रहेको ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०१।०१ गते नेपाल राजपत्रमा प्रकाशन भएको सूचना बमोजिम "योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ को दफा २ को खण्ड (ज) र दफा ७ ले दिएको अधिकार प्रयोग गरी योगदामा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २ को खण्ड (घ) बमोजिमको सरकारी कोष (प्रदेश सरकार वा स्थानीय तहको सञ्चित कोष, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा त्यस्तै कुनै निकायको कोष) बाट पारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृत्तभरण पाउने बाहेक) व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचीकृत गरी निजहरुले खाईपाई आएको तलबको कम्तिमा साठी प्रशितलाई आधारभूत तलब मानी त्यसको बिस प्रतिशत रोजगारदाताबाट र एघार प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गर्नुपर्ने गरि सामाजिक सुरक्षा योजनामा सहभागी गराउन सकिने व्यवस्था रहेकोमा यस गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धमा बैठकमा छलफल भई पुन अर्को बैठकमा छलफल गर्ने गरी थप प्रक्रिया अगाडी बढाउने ।

**७.३. सामी कार्यक्रम अन्तर्गत वडा छनोट सम्बन्धमा,**

सामी कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा रहेका परिवारहरुका लागि वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा गाउँपालिकाको वडा नं. २ र ३ मा सञ्चालन गर्ने गरी अनुमति दिने ।

**७.४. विज्ञापन प्रकाशन सम्बन्धमा**

गाउँपालिकामा रिक्त रहेका देहाय बमोजिमका पदहरूमा करार सेवामा पद पूर्तिका लागि विज्ञापन प्रकाशन गर्न व्यवस्था मिलाउने —

देहाय

क. वन प्राविधिक

ख. उद्यम विकास सहजकर्ता (तह २)

**७.५. कार्यविधि स्वीकृत सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८१/०६/१० गते बसेको दशौ बैठकको निर्णय नं. १०.८ बमोजिम गठित कार्यदलबाट तयार भई स्वीकृतीका लागि कार्यपालिकामा पेश भएको देहायको कार्यविधि माथि छलफल भई छलफलमा उठेका विषयवस्तुहरू समेत समेटी कार्यविधिलाई स्वीकृत गर्ने।

देहायः

क. कञ्चन गाउँपालिकाको अटो तथा इलेक्ट्रिक रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

**७.६. निर्णय कार्यान्वयन सम्बन्धमा,**

संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको च.नं. ११३ मिति २०८२/०६/०८ मा अर्थ मन्त्रालयको च.नं. ११८ मिति २०८२/०६/०७ मा निर्णय कार्यान्वयन गराउने सम्बन्धी पत्र मार्फत नेपाल सरकार मन्त्रिपरिषबाट मिति २०८२/०६/०५ मा सार्वजनिक संरचनाको पुनःनिर्माण र मर्मत सार्वजनिक सेवा सुचारू, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरूत्थान र राहत समेतका लागि आयोजनाको पुनप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा भएका निर्णयहरू प्रमुख प्रशासकीय अधिकृतबाट बैठकमा जानकारी भयो

उक्त विषयमा व्यापक छलफल भई परिपत्र बमोजिम निर्णय कार्यान्वयन गर्ने गराउने ।

**७.७. योजना कार्यान्वियन सम्बन्धमा,**

आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा प्रदेश सरकार शसर्त अनुदान अन्तर्गत मोरिङ्गा सितलचिनी प्रशोधन केन्द्र तथा संरचना निर्माण कञ्चन-४ का लागि रू. २०,००,०००/- रकम विनियोजन भएकोमा उक्त योजना कार्यान्वयन गर्नका लागि गाउँपालिकाको वडा नं. ४ भित्र व्यावसायिक रूपमा सञ्चालनमा रहेका कानूनी रूपमा दर्ता भएका मोरिङ्गा खेती गर्ने किसानहरूलाई प्रस्तावना पेश गर्नका लागि ७ दिने सार्वजनिक सूचना जारी गर्ने ।

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट सातौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।